प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौडा, मकवानपुर

## प्रदेश विकास स्वयंसेवकको रुपमा कार्य गर्न इच्छुक व्यक्तिका लागि आवेदन माग सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मितिः २०७६।११।०७

प्रदेश विकास स्वयंसेवक परिचालन कार्यक्रम अन्तर्गत तपसिलका स्वयंसेवकका पदहरुमा बागमती प्रदेश अन्तर्गतका जिल्लाहरुमध्ये तोकिएको निकाय एवम् सङ्घसंस्थाहरुमा रही कार्य गर्न निम्नानुसारको विषयक्षेत्र र पदहरुमा स्वयंसेवकको नियुक्त गर्न यो सूचना प्रकाशन भएको छ । योग्यता पुगेका नेपाली नागरिकहरुले १५ (पन्ध्र) दिन भित्र यस मन्त्रालयको वेभसाइट www.mosd.p3.gov.np मा रहेको स्वयंसेवक पोर्टलमा गई अनलाइन मार्फत आवेदन फर्म भरी पेश गर्नुहुन अनुरोध छ । साथै फर्म भर्नु भन्दा अगाडी फर्म भर्ने प्रकिया अध्ययन गर्नु हुन समेत अनुरोध छ ।

### प्रदेश विकास स्वयंसेवकहरुको विषयक्षेत्र, पद र सङ्ख्या तथा पदस्थापना हुने कार्यालय

| क.स. | स्वयंसेवकको पद | न्यूनतम शैक्षिक योग्यता | काम गर्नु पर्ने जिल्ला र कार्यालयहरु | पद सङ्ख्या |
|---|---|---|---|---|
| १ | स्टाफ नर्स | मान्यताप्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा प्रविणता प्रमाण पत्र तह उत्तीर्ण गरी नर्सिङ काउन्सिलको दर्ता प्रमाणपत्र प्राप्त | सिन्धुली, रामेछाप, सिन्धुपाल्चोक, भक्तपुर, नुवाकोट, रसुवा, धादिङ र मकवानपुरका प्रदेश अस्पताल, ललितपुर र काठमाडौंका मानव सेवा आश्रम र दिव्य सेवा निकेतन | १२ |
| २ | अ.न.मी | मान्यताप्राप्त शिक्षण संस्थाबाट A.N.M. उत्तीर्ण गरी नर्सिङ काउन्सिलको दर्ता प्रमाणपत्र प्राप्त | बागमती प्रदेश अन्तर्गतका सबै जिल्लामा रहेका स्वास्थ्य कार्यालयहरु / मानव सेवा आश्रम | १४ |
| ३ | अ.हे.व. | मान्यताप्राप्त शिक्षण संस्थाबाट अहेव वा CMA उत्तीर्ण गरी सम्बन्धित काउन्सिलको दर्ता प्रमाणपत्र प्राप्त | बागमती प्रदेश अन्तर्गतका सबै जिल्लाका स्वास्थ्य कार्यालयहरु | १३ |
| ४ | फार्मेसी सहायक | मान्यताप्राप्त शिक्षण संस्थाबाट फार्मेसी विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी नेपाल फार्मेसी परिषद्को दर्ता प्रमाणपत्र प्राप्त | सिन्धुली, रामेछाप, सिन्धुपाल्चोक, भक्तपुर, नुवाकोट, रसुवा, धादिङ र मकवानपुर जिल्लामा रहेका प्रदेश अस्पताल र स्वास्थ्य आपुर्ती विभाग, हेटौडा | ९ |
| ५ | ल्याव असिष्टेन्ट | मान्यताप्राप्त शिक्षण संस्थाबाट ल्याव असिष्टेन्ट कोर्ष उत्तीर्ण गरी सम्बन्धित काउन्सिलको दर्ता प्रमाणपत्र प्राप्त | सिन्धुली, रामेछाप, सिन्धुपाल्चोक, भक्तपुर, ललितपुर, काठमाडौ, नुवाकोट, रसुवा, धादिङ र मकवानपुरमा रहेका स्वास्थ्य कार्यालय र प्रदेश अस्पताल | ११ |
| ६ | कम्प्युटर अपरेटर | मान्यताप्राप्त शिक्षण संस्थाबाट कक्षा १२ वा सो सरह उत्तीर्ण गरी मान्यताप्राप्त संस्थाबाट कम्प्युटरमा छ महिनाको तालिम प्राप्त | काभ्रे, काठमाडौं, नुवाकोट, धादिङ, चितवन, मकवानपुरमा रहेका स्वास्थ्य कार्यालय, शिक्षा तालिम केन्द्र र सामाजिक विकास मन्त्रालय | ११ |
| ७ | खेलकुद प्रशिक्षक | मान्यताप्राप्त शिक्षण संस्थाबाट कक्षा १२ वा | बागमती प्रदेश अन्तर्गतका सबै जिल्लाका | १५ |

| | | | | |
|---|---|---|---|---|
| | | सो सरह उत्तीर्ण गरी खेलकुद विषयमा राष्ट्रियस्तरको प्रशिक्षण लिएको प्रमाणपत्र प्राप्त (उसु, बक्सिङ, जिम्नाष्टिक, एथलेटिक्स, रग्वी र भलिवल खेलमा) | खेलकुद विकास समितिको कार्यालयहरु र प्रदेश खेलकुद विकास परिषद्‌को कार्यालय, हेटौडा | |
| ८ | प्राथमिक शिक्षक | मान्यताप्राप्त शिक्षण संस्थाबाट कक्षा १२ वा सो सरह उत्तीर्ण गरी अध्यापन अनुमति पत्र प्राप्त | श्री इन्द्रायणी आधारभूत विद्यालय, विदुर न.पा., नुवाकोट | १ |
| ९ | वालबिवाहमुक्त प्रदेश अभियान सहजकर्ता तथा सहयोगापेक्षी सडक मानव सहजकर्ताहरुको समन्वयकर्ता | मान्यताप्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरह उत्तीर्ण गरेको | सामाजिक विकास मन्त्रालय, हेटौडा, मकवानपुर | १ |
| १० | प्रदेश विकास स्वयंसेवकहरुको समन्वयकर्ता | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सोरह उत्तीर्ण गरेको | सामाजिक विकास मन्त्रालय, हेटौडा, मकवानपुर | १ |
| ११ | वालबिवाहमुक्त प्रदेश अभियान सहजकर्ता | मान्यताप्राप्त शिक्षण संस्थाबाट कक्षा १२ वा सोरह उत्तीर्ण गरेको | रसुवा, नुवाकोट, ललितपुर र रामेछाप | ४ |

**स्वयंसेवकहरुको छनौट तथा परिचालन प्रकिया**

१) आवेदकहरुले अनलाइन मार्फत पेश गरेका आवेदनहरु डाउनलोड गरी स्वीकृत गरिनेछ।

२) स्वीकृत भएका आवेदनका आधारमा स्वयंसेवक सेवाका पदहरुमा जिल्लागत रुपमा सूचिकृत गरी वेभसाइटमा प्रकाशित गरिनेछ ।

३) जिल्लागत रुपमा प्राप्त आवेदनहरुमध्ये न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रमा प्राप्त प्रतिशत वा जिपिएका आधारमा सवै भन्दा बढी प्राप्ताङ्क वा जिपिएका आधारमा योग्यताक्रम कायम गरिनेछ ।

४) कायम गरिएको योग्यताक्रमको माथिल्लो योग्यता क्रममा रहेका उम्मेदवारलाई तोकिएको पदमा छनौट गरिनेछ ।

५) छनौट भएका उम्मेदवार नियुक्ति लिन आँउदा सक्कल प्रमाण पत्र सहित शैक्षिक योग्यताका प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र, तालिमका प्रमाणपत्रको प्रतिलिपि (तोकिएको पदको लागि मात्र) र अध्यापन अनुमति पत्रको प्रतिलिपि (शिक्षक पदको लागि मात्र) लगायतका कागजातहरुको नोटरी पव्लिकबाट प्रमाणित गरी ल्याउनु पर्नेछ ।

६) उपरोक्त अनुसारको स्वयंसेवकको नियुक्ति २०७७ असार मसान्तसम्म मात्र गरिनेछ ।

७) स्वयंसेवकको पद अनुसार जिल्लागत सूची स्वीकृत भएपछि सूची दुई वर्ष सम्म कायम रहनेछ । उक्त अवधिमा स्वयंसेवक पदहरु रिक्त भएमा उक्त सूचीको योग्यताक्रमका आधारमा नियुक्त गरिनेछ ।

८) प्रदेश स्वयंसेवकको नियुक्ति सम्वन्धी अन्य प्रक्रिया, म्याद थप, मासिक निर्वाह भत्ता तथा सेवाका शर्त र विदा सम्बन्धी व्यवस्था प्रदेश विकास स्वयंसेवक परिचालन कार्यविधि, २०७५ बमोजिम हुनेछ ।

प्रदेश विकास स्वयंसेवक सम्वन्धमा थप जानकारीका लागि मन्त्रालयको वेभसाइट www.mosd.p3.gov.np मा हेर्न सकिनेछ । साथै ०५७-५२३१७९ मा सम्पर्क गर्नु हुन समेत अनुरोध गरिन्छ ।

गोकर्णमणि दुवाडी
सचिव